# प्रेस विज्ञप्ति

आज मिति २०७७/०४/०६ गते मंगलबारका दिन माननीय अर्थमन्त्री डा.युवराज खतिवडाज्यूको समुपस्थितिमा अर्थ मन्त्रालय वा अन्तर्गतका निकायहरुको बार्षिक प्रगति समिक्षा सम्पन्न भयो ।

अर्थ मन्त्रालयमा आयोजित प्रगति समिक्षाको अवसरमा अर्थमन्त्री डा.खतिवडाले कोभिड-१९ को कारणले आर्थिक बृद्धि तथा पूँजीगत खर्चमा अपेक्षित उपलब्धी हाँसिल हुन नसके तापनि समग्र अर्थतन्त्र सन्तुलनमा रहेको, बाह्य क्षेत्रमा उल्लेखनीय सुधार भई व्यापार घाटा , शोधनान्तर स्थिति तथा विदेशी मुद्राको सञ्चितिमा सहज अवस्था सिर्जना भएको तथा मुद्रास्फिति कावुमा रहन सकेको उल्लेख गर्दै चालु आ.व.मा स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै शीघ्र आर्थिक पुनरुत्थान र आर्थिक बृद्धिलाई सामान्य अवस्थामा फर्काउने तर्फ केन्द्रित रहन निर्देशन दिनुभयो । साथै, चालु आ.व.का लागि तोकिएका वार्षिक नीति तथा कार्यक्रम र बजेटमा तोकिएका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने दिशातर्फ अग्रसर हुन निर्देशन दिनुभयो ।

सो अवसरमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ मन्त्रालयका सचिबहरु, महालेखा नियन्त्रक, महाशाखा प्रमुखहरु, बिभागीय प्रमुखहरु, नियमनकारी निकायका प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा अर्थ मन्त्रालयका सहसचिब उत्तर कुमार खत्रीले आर्थिक वर्ष २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजनाको वार्षिक प्रगति, बजेट खर्चको स्थिति, राजस्व परिचालनको अवस्था, विकास सहायता परिचालनको अवस्था, शोधभर्नाको स्थिति, बेरुजु फछ्र्यौटको अवस्था, आ.व.२०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको कार्ययोजना लगायतको बिषयमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

सो कार्यक्रममा माननीय अर्थमन्त्रीज्यू र अर्थ मन्त्रालयका सचिबहरु तथा महालेखा नियन्त्रकबीच आ.व.२०७७/७८ को लागि कार्यसम्पादन सम्झौता समेत सम्पन्न भयो ।

(उत्तर कुमार खत्री)
सहसचिव/प्रवक्ता

श्रावण ६, २०७७
अर्थ मन्त्रालय, सिंहदरवार ।